याङवरक गाउँपालिकाको

# सार्वजनिक सुनुवाइ कार्यक्रम

आ.व.२०७९।०८० अर्धवार्षिक

## *प्रतिवेदन*

**आयोजक** : याङवरक गाउँपालिका कार्यालय, पाँचथर



**<u>सहजकर्ता</u>**

ग्लोबल कम्युनिकेसन एण्ड मिडिया कर्नर प्रालि

रेडियो मितेरी ९८.२ मेगाहर्ज फिदिम, पाँचथर

१, पृष्ठमुमि :

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट व्यवस्थित गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तिनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् ।

कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ । फिदिम नगरपालिकाले नगर र वडा कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौत्तिक पूर्वाधार निर्माण, समाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

स्थानीय तहले सञ्चालन गरेका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ ।

यसको साथै हालको वर्ष यता स्थानिय तहहरुको कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यलाई सुचनाको हक दिलाउने एउटा औजारको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ । सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ ।

सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा

नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । यसैविच याङवरक गाउँपालिकाले सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धि कार्यविधि २०७८ जारी गरेको छ । यस गाउँपालिकामा सोहि कार्यविधिलाइ आत्मसात गर्दै सार्वजनिक सुनुवाइ आयोजना गर्ने गरिएको छ ।

आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणका कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उदेस्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । याङवरक गाउँपालिकामा २०७९ माघ १८ गते चालु आर्थिक वर्षको अर्ध वार्षिक समिक्षा गरियो ।

२. कार्यक्रमको उदेश्य

यस कार्यक्रमको मुख्य उद्देश्य याङवरक गाउँपालिकाबाट चालु आर्थिक वर्ष २०७९÷०८० मा सञ्चालन गरिएका योजना तथा पालिकाका बासिन्दाहरुलाई पु¥याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

☐. जनगुणासाहरु सुन्नु ।

☐ जनताको समस्यामा छलफल गर्नु ।

☐.गाउँपालिकामा अर्ध वार्षिक अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु ।

☐. आगामी दिनहरुमा गाँउपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

☐ याङवरक गाउँपालिकाका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।

☐ सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुका बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।

☐ सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।

☐ स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।

☐ सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

३, कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि
(क) गाउँपालिका स्थानीय सेवाग्राहि बीचको सम्बन्ध अझ राम्रो हुनेछ।
(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ।

४. कार्यक्रमको संक्षिप्त जानकारी
सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्ति तथा सस्थाको नाम :– ग्लोवल कम्युनिकेशन एण्ड मिडिया कर्नर प्रा.लिद्वारा सञ्चालित रेडियो मितेरीका तर्फबाट लक्ष्मी गौतम र खविन लुइटेल
सार्वजनिक सुनुवाईको विषय : याङवरक गाउँपालिकाद्वारा चालु आ.व २०७९/०८०को साउन १ गतेदेखि पुष ३० गतेसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता
कार्यक्रम आयोजक याङवरक गाउँपालिकाको कार्यालय थर्पु पाँचथर
५, कार्यक्रमको विवरण
☐ मिति : २०७९ साल माघ १८ गते
☐ स्थान : सामुदायिक भवन याङवरक गाउँपालिका ४ थर्पु पाँचथर
☐ समय : दिनको १०० वजेदेखि ०४०० वजेसम्म

जवाफदेही वक्ताहरु

☐ याङवरक गाउँपालिका अध्यक्ष श्री भिमवहादुर योङया (सुवाष)
☐ याङवरक गाउँपालिका उपाध्यक्ष श्री श्री बाबा मेन्याङवो
☐ पाँचथरका प्रमूख जिल्ला अधिकारी श्री गणेश गैरे
☐ याङवरक गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री सुमन लिङदेन
☐ याङवरक गाउँपालिका अध्यक्ष श्री वडा नम्वर १ का अध्यक्ष श्री राजेश खालिङ
☐ याङवरक गाउँपालिका वडा नं २ का अध्यक्ष श्री देउकुमार योङहाङ
☐ याङवरक गाउँपालिका वडा नं ३ का अध्यक्ष श्री बिमल राई
☐ याङवरक गाउँपालिका वडा नं ४ का अध्यक्ष श्री सविन मावो
☐ याङवरक गाउँपालिका वडा नं ५ का अध्यक्ष टेकनाथ न्यौपाने
☐ याङवरक गाउँपालिका वडा नं ६ का अध्यक्ष श्री...
शाखा प्रमुखहरु
☐ प्राविधिक शाखा
☐ योजना शाखा प्रमूख
☐ शिक्षा शाखा प्रमुख
☐ स्वास्थ्य शाखा प्रमुख
☐ कृषि शाखा प्रमुख

□ पशु शाखा प्रमुख
□ वडा सदस्यहरु

अतिथि तथा संचारकर्मीहरु
□ जिल्ला प्रशासन कार्यालय पाँचथरका प्रमुख जिल्ला अधिकारी श्री गणेश गैरे
□ नेपाली कांग्रेस याङवरक सह सचिव श्री कृष्ण क ोइराला
□ नेकपा एमाले ययाङवरक गाउँपालिका सचिव श्री डिल्ली सुवेदी
□ नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरका अध्यक्ष श्री गिरिराज बाँस्कोटा

## ६. सार्वजनिक सुनुवाइ सञ्चालन प्रकृया

प्रारम्भिक चरण

(क) समन्वयात्मक बैठक : याङरक गाउँपालिका द्धारा चालु आ.व २०७८÷०९६ को अर्ध वार्षिक अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार याङवरक गाउँपालिका अध्यक्ष श्री भिमवहादुर योङ्या (सुवाष) उपाध्यक्ष श्री बाबा मेन्याङवो प्रमूख प्रशासकीय अधिकृत श्री सुमन लिङदेन सँग रेडियो मितेरीका नेपालका अध्यक्ष एवं सहजकर्ता श्री लक्ष्मी गौतम र स्टेशन म्यानेजर श्री खविन लुइटेलले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती र सम्झौता गरियो। सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरियो।

(ख) सहजकर्ताको छनौट तथा समन्वय

याङवरक गाउँपालिको कार्यालयले आयोजना गरेको गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई ब्यवस्थापन का सन्दर्भमा समन्वयका कार्यहरु गरियो ।

याङवरक गाउँपालिको सहजीकरणको सम्पूर्ण जिम्मेवारी ग्लोवल कम्युनिकेशन एण्ड मिडिया कर्नर प्रालिद्वारा सञ्चालित रेडियो मितेरीलाइ दिइएको थियो।

(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन्।

यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५,

स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली।

सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७
याङवरक गाउँपालिकाले सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धि कार्यविधि २०७८।
सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन– २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो।

(घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार

चालु आ.व २०७९/०८० को अर्ध वार्षिक अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीताअभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले रेडियो मितेरी ९८.२ मेगाहर्ज रेडियो तमोर ताप्लेजुङ,रेडियो आठराई तेह«थुम,रेडियो बिएससी फिदिम र रेडियो दिव्यवाणी एफएम फिदिम  मार्फत  सातदिनसम्म निरन्तर १०० पटक सूचना प्रसारण  गरिएको।
सार्वजनिक सुनुवाई कार्यक्रमको रेडियो मितेरी ९८.२ मेगाहर्ज, रेडियो दिव्यवाणी फिदिम र रेडियो तमोर ताप्लेजुङबाट प्रत्यक्ष प्रशारण गरिएको थियो।
कार्यान्वयन चरण
सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो। त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख\प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो ।  सहजकर्ताहरुद्वारा सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गरिएको थियो।
कार्यक्रममा न्यायिक समितिबाट प्रवाह भएको कार्य प्रगती,न्याय सम्पादन प्रकृया र योजनाहरुको अनुगमन तथा राजस्व संकलन सम्वन्धि वि–विध जानकारी उपाध्यक्ष श्री बाबा मेन्याङबो बाट गरियो। कार्यक्रममा गाउँपालिकबाट सञ्चालन भएका योजनाहरुको विषयमा पनि उपाध्यक्ष मेन्याङबोले दिर्घकालिन तथा दुरगामी महत्व राख्ने योजनाहरुको प्रश्तुतीकरण गरिएको थियो। वडाअध्यक्षहरुले प्रस्तुतीकरणमा वडा कार्यालबाट सहज रुपमा सेवा दिएको, सडक, शिक्षा, स्वास्थ्य लगाएका क्षेत्रहरुमा प्रभावकारी रुपमा गरेको बताएका थिए। त्यसपछि सहजिकरण गर्ने सस्थाले सकलन गरेको नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत प्रश्तुत गरे पश्चात छलफलका लागि हल खुल्ला गरिएको थियो। छलफलमा नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइयो।

जिल्लाको लोकप्रिय रेडियो सहित तीनवटा रेडियो मार्फत प्रत्यक्ष प्रशारण गरिएको सार्वजनिक सुनुवाई संचालनको क्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा नरपालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो। आएका प्रश्नहरुको गाउँपालिका अध्यक्ष,उपाध्यक्ष,प्रमूख प्रशासकीय अधिकृत र प्रमूख जिल्ला अधिकारी र विषयगत शाखा प्रमूखसँग सरोकारवाला र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो। सार्वजनिक सुनुवाई उठेका सबालहरु सम्बोधन सहित सबैलाई धन्यवाद दिँदै अध्यक्ष सुवाष योङयाले समापन गर्नु भएको थियो।

७) उपाध्यक्ष बाबा मेन्याङबोले सार्वजनिक सुनुवाइमा प्रश्तुत गर्नु भएको अर्ध वार्षिक रिपोर्ट

अनुसुची १ मा रहेको।

८) सेवाप्रदायक सस्थाका तर्फबाट प्रश्तुत अभिमत र नागरिक प्रतिवेदन पत्रको रिपोर्ट।

अनुसुची २ मा रहेको।

**९) कार्यक्रममा भएका सवाल जवाफहरु।**

| क्रम | प्रश्नकर्ताको नाम ठेगाना | प्रश्न | उत्तरदाता | जवाफ |
|---|---|---|---|---|
| ०१ | राममोहन कार्की याङवरक ४ | यस गाउँपालिकामा पर्ने थर्पु,गणेशचोक,सुनारघुम्ती, ओयाम र च्याङथापु बजारमा सिसि क्यामेरा र सडक बत्ती कहिले जडान हुन्छ ? | सुमन लिङदेन प्रमूख प्रशासकीय अधिकृत | यहाँले उठाँउनु भएको सिसि क्यामेरा सहित सडक बत्ती जडानको काम अगाडी बढिसकेको छ। सम्भवतः अर्को सार्वजनिक सुनुवाईमा यो प्रश्न उठान गर्नु पर्दैन। बैशाख भित्रमा काम सकिन्छ। |
| ०२ | | कृषकहरुलाई गाउँपालिकाले उपलव्ध गराउने कृषि बालीको बीउ बिजन सशुल्क निःशुल्क वा कति प्रतिसत अनुदानमा आउने हो ? | | कृषि क्षेत्रका किसानलाइ सहयोग गर्ने बीउ बिजन र कृषि औजार निःशुल्क र अनुदानमा वितरण गर्ने कार्यक्रम चलेका छन। वडा कार्यालयले सूचना मार्फत प्रश्ताव र निवेदन आह्वान गरेर किसानलाई सहभागीताका लागि आह्वान गर्ने गरेको छ। |

| | | | | |
|---|---|---|---|---|
| ०३ | | इन्टरनेट सेवा प्रभावकारी नहुँदा समस्या भयो प्रभावकारी बनाउन कस्ले पहल गर्ने < | केन्द्र खनाल प्राविधिक शाखा प्रमूख | यो समस्याबाट हामी सबै पीडीत हो। सेवा प्रदायक सस्थाका प्राविधिक थर्पुमा वस्दैनन। फिदिमबाट आएर सेवा दिने भएकाले विग्रिएपछि समस्या हुन्छ। प्राविधिकलाइ यहिँ राख्न पहल गर्नु पर्ने देखिन्छ। |
| ०४ | ओमनाथ भण्डारी वडा नम्वर ६ | उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई अनुदान र सिजनल भिषाका लागि गाँउपालिकाले पहल गर्नुपर्छ कि पर्दैन < | भिमवहादुर योङ्या (अध्यक्ष) | विद्यार्थीलाई सिजनल भिषा दिने सन्दर्भमा गाउँपालिकाले केहि योजना बनाएको छैन। तत्काल यो सम्भव पनि छैन। यस विषयमा कार्यपालिका बैठकमा पनि कुरा नउठेको होइन। सिजनल भिषा दिएर पठाउन पालिकाले सहयोग गर्दैन। |
| ०५ | मचिन्द्र लक्सम वडा नम्वर ५ | नया नागरिकता लिन अप्ठेरो छ । वडाको सिफारिसलाइ जिल्ला प्रशासन कार्यालयले विश्वास गर्दैन किन | गणेश गैरे प्रजिअ | वडाले नागरिकता सिफारिस गर्दा धैरै नै त्रुटि गर्ने गरेको पाइएको छ । जन्मदर्ता देखि चारित्रिक प्रमाणसम्म सबै प्रतिलिपि हुन्छन । यस्तो उमेर ढल्कदै गएका नागरिकको हकमा थप कुरा बुज्नु पर्ने हुन्छ । सानो त्रुटिले अनागरिकले नेपाली नागरिकता प्राप्त गर्नेदेखि कर्मचारीको जागिर नै जाने सम्मको सम्भावना हुन्छ । त्यसैले कागजपत्र राम्ररी हेरेर सनाखतमा वस्ने मान्छेको यकिन गरेर मात्र पठाउनुहोला । त्यसो भयो भने कसैले झन्झट व्यहोर्नु पर्दैन । |
| ०६ | कृष्ण कोइराला सह सचिव नेपाली कांग्रेस | सार्वजनिक सुनुवाइको प्रचार प्रसार भएन । उपस्थिति कमी भयो । | भिमवहादुर योङ्या (अध्यक्ष) | प्रचार प्रसारका सन्दर्भमा पालिकाबाट सरोकारवालालाई पत्राचार गरिएको छ । वडा कार्यालयहरु मार्फत पनि म्यासेज गएको छ । यति मात्रै नभएर रेडियोहरुले हप्तादिन अगाडीदेखि सूचना बजाएका छन । सहजकर्ता सस्थाले ठाँउ ठाँउमा माइकिङ समेत गरेको छ । प्रसार प्रसारमा कमि भयो भन्न मिल्दैन वरु तपाइ हरुले पनि मानिस सहभागि गराउन भूमिका खेल्नु पर्ला कि ? |

| | | | | |
|---|---|---|---|---|
| ०७ | | ग्रामिण भेगदेखि सदरमुकाम हुँदै तराइ जाने गाडीको भाडामा मनपरि छ प्रजिअ ज्यूले पहल गर्नु पर्यो । | गणेश गैरे प्रजिअ | यो विषयमा सर्वत्र कुरा उठिरहेको छ । व्यवसायिहरुसँगको छलफल पछि बैठक वसेर एकरुपता ल्याउने कोशिष गर्छु । |
| ०८ | राममोहन कार्की वडा नम्वर ४ | च्याङ्थापुमा रहेको सिमा प्रशासन कार्यालयबाट नागरिकता दिने व्यवस्था किन कार्यन्वयन हुन सकेन ? | गणेश गैरे प्रजिअ | यो विषय अत्यन्तै महत्वपूर्ण छ । सिमा प्रशासन कार्यालयबाट नागरिकता जारी गर्ने मात्रै नभएर त्यसलाई अध्यागमन कार्यालयका रुपमा विकास गरी थर्पु बजारमा इलाका प्रशासन कार्यालय खोल्न पहल गरिरहेको छु ।। |
| ०९ | टेकनाथ नेउपाने वडा नम्वर ५ | मैले सिफारिस गरेर पठाएका एकजना नागरिकले नागरिकता पाउनु भएको छैन उहाँलाइ किन दिन नमिलेको प्रजिअ ज्यू | गणेश गैरे प्रजिअ | ती व्यक्ति अनागरिक होइनन । तर उनलाई नागरिकता दिनका लागि सिफारिस गरिएका कागजात पुर्ण छैनन । सनाखतमा वस्ने व्यक्तिका विषयमा तीनपुस्ते हो कि होइन यकिन छैन ।<br>तपाईरुले सबै प्रकृया इमान्दारिताका साथ पालना गर्दै सिफारिस गर्नुहोस । धेरै संका उत्पन्न भए तपाई हरु स्वयम सनाखतमा बसिदिनुस नागरिकता बन्छ । |
| १० | | टोल विकास सस्था गठन गरेर काम गरिएपनि सम्जैतादेखि भुक्तानी सम्म उपभोक्ता समितिलाइ जति नै कागज मागिन्छ किन होला ? | सुमन लिङदेन प्रमूख प्रशासकीय अधिकृत | उपभोक्ता समिति र टोल विकास सस्था जुनसुकै विधि पद्धती मार्फत काम गरेपनि योजना सम्झौतादेखि फरुयौ गर्दा सम्मको प्रकृया एउटै हो । आवस्यक कागजात सवै एकै हो । यो विषयमा टोल विकास संस्थाहरुलाई सम्झौताकै वेला पनि भनिएको हुन्छ । मात्रै टोल विकास संस्था दर्ता प्रकृया र उपभोक्ता समितिको गठन विधि बेग्लै हो । |
| ११ | नेत्र कोइराला | गाँउपालिकामा एफ एम स्टेशन सन्चालन गर्नु आवस्यक देखिएको छ । | | यसवारे कहिकतैबाट जवाफ नआएको । |

| | | | | |
|---|---|---|---|---|
| | स्थानीय सन्चारकर्मी | यसविषयमा स्थानीय सरकारको केहि योजना छ कि | | |

१०) सुझाव खण्ड

डिल्ली सुवेदी सचिव नेकपा एमाले याङवरक गाउँपालिका

यत्तिका महत्वपूर्ण कार्यक्रममा आम सर्वसाधारणको उपस्थिति कम भयो। आगामी कार्यक्रमहरुमा राजनैतिक दलहरुले पनि आ आफ्ना तर्फबाट आम नागरिक उपस्थित गराउन पहल गर्ने हो कि ?
गिरिराज बाँस्कोटा अध्यक्ष नेपाल पत्रकार महासंघ पाँचथर
भवन निर्माण,पुर्वाधार र सामाजिक विकासका क्षेत्रमा यत्तिका काम गरेको स्थानीय तहले सञ्चारकर्मी र पत्रकारको क्षमता विकासको पाटामा पनि केहि काम गर्ने हो कि ?
कृष्ण कोइराला नेपाली कांग्रेस
गाउँपालिकाले राजनितिक आश्थाका आधारमा भेदभाव गरेर कार्यक्रममा कसैलाइ बोलाउने र कसैलाइ नबोलाउने गरेको छ। यस्तो अवस्थाको अन्त्य होस।

गणेश गैरे प्रमूख जिल्ला अधिकारी
उमेर ढल्केर नागरिकता बनाउन आउने नागरिकका हकमा सिफारिस गर्दा वडाध्यक्ष र जनप्रतिनिधि ज्यूहरुले विश्वसनीय कागजात र सनाखत बस्ने व्यक्तिको व्यहोरा खुलाइदिनु होला।
नागरिकता जस्तो सम्वेदनसिल विषयमा कसैले दुख पाउनु नपरोस।
कल्पना लोहार कार्यपालिका सदस्य
महिलाको क्षमता विकासका क्षेत्रमा गाँउपालिकाले प्राथमिकतासाथ बजेट बिनियोजन गर्नुपर्यो।

११,सार्वजनिक प्रतिवद्धता

सार्वजनिक सुनवाइमा कुनै गाउँपालिका अध्यक्ष भिमबहादुर योङ्या (सुवाष)ले सुझावहरुलाइ कार्यन्वयन गर्न आफुहरु तत्पर रहेको प्रतिवद्धता जनाउनुभयो।

याङवरक गाउँपालिकाका जनप्रतिनिधि जनताका सेवक भएकाले नहिचकिचाइ आफ्ना समस्या राख्न नागरिकलाइ सुझाव दिँदै समस्या समाधानका लागि प्रयत्नसिल रहने उहाँको प्रतिवद्वता थियो।

योजना छनौट देखि कार्यक्रम कार्यन्वयनका क्रममा राजनैतिक आश्थाका आधारमा विभेद नगर्ने प्रतिवद्वता पनि योङयाले व्यक्त गर्नुभयो ।

प्रमूख प्रशासकीय अधिकृत सुमन लिङदेनले गाउँपालिकाले गर्दै आएका क्रियाकलापलाई परिमार्जित गर्न सुझाव आएपनि विकल्पहरु प्रश्तुत नभएकाले विकल्प सहित सुझाब पेश भएमा कार्यन्वयन गर्ने प्रतिवद्धता जनाउनुभयो ।

१२, कार्यक्रमका सवल पक्षहरु

- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा सरोकारवाला र उपभोक्ताको सहभागीतामा संचालन गरिएको ।
- भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको सूचना रेडियोवाट समेत प्रशारण गरिएको ।
- अध्यक्ष उपाध्यक्ष,वडाध्यक्षहरु र प्रशासकीय अधिकृत सहित विषयगत शाखा प्रमूखहरु जवाफदेहि बक्ताको रुपमा रहेका ।
- सार्वजनिक सुनुवाई कार्यक्रम रेडियोवाट प्रत्यक्ष र पुनः प्रशारण गरिएको ।

१३) सुधार गर्नुपर्ने पक्षहरु

- वडा अध्यक्ष सहित नगर सभाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- सेवाग्राहि र उपभोक्ताहरुको सहभागिताका लागि वडाहरुले पनि पहल गर्नुपर्ने ।

१४) निष्कर्ष :

याङवरक गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उदेश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । गाउाँलिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले कृषी, खानेपानी, विद्युत क्षेत्रका समस्यासँगै , पर्यटन क्षेत्रको प्रबद्धन, संरक्षण

र विकास, सडक निर्माण, पशु बिमा, कृषि कार्यक्रम, सडक निर्माण, रणनीतिक योजनाको सार्वजनिक, खेलकुद, डोजर प्रयोग, नगर बसपार्क संचालन लगाएतका विषयमा प्रश्न तथा सुझाव दिएका थिए।

पालिका स्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको गणात्मक सहभागीता रहेको थियो। सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल जवाफ पाएका थिए। प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए।

कार्यविधिले ब्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ। गाउँपालिका अध्यक्ष उपाध्यक्ष प्रमूख प्रशासकीय अधिकृत वडा अध्यक्षहरु सहितको सहभागीता रहेबाट पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ।

जिल्लाका कार्यालय प्रमुख, विभिन्न निकायका जिम्मेवार प्रतिनिधि सहित संचारमाध्यमहरुलाई समेत वडा तथा नगरपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक नियमित गर्न सके सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ।

समाप्त

यांङवरक गाउँपालिका पाँचथर

# सार्बजनिक सुनुवाइ कार्यक्रम २०७९

को लागि तयार पारिएको बर्हिगमन अभिमत (exit poll)

र नागरिक प्रतिवेदन (citizen Report Card)

# संक्षिप्त प्रतिवेदन

तयार गर्ने : ग्लोबल कम्युनिकेसन एण्ड मिडिया कर्नर प्रा.लि

# सार्वजनिक सुनुवाइ कार्यक्रमको निर्देशक दस्तावेज

- याङवरक गाउँपालिकाको स्थानीय राजपत्रमा चैत्र २, २०७८ सालमा प्रकाशन भएको सार्वजनिक जवाफदेहिता सम्बन्धि कार्यविधि २०७८


# प्रतिनिधीमुलक सहभागि विवरण

- Exit Poll मा सहभागि संख्या ४७
- Citizen Report Card मा सहभागि सख्या ४१


# प्रतिनिधीमुलक सहभागि विवरण

- वडा कार्यालय गाउँ पालिका र पालिका भित्रका अन्य सेवा प्रदायक संस्थाहरुमा सेवा लिन आएका सहभागिको समेत धारणा समेटिएको


# प्रतिनिधीमुलक सहभागि विवरण




# परिचय खुलाउने चाहने/नचाहने सहभागी विवरण




# प्रतिनिधीमुलक सहभागि विवरण




# प्रतिनिधीमुलक सहभागि विवरण




# शिक्षाको आधारमा सहभागी विवरण




# नागरिक प्रतिवेदन




# नागरिक प्रतिवेदन




# नागरिक प्रतिवेदन




# नागरिक प्रतिवेदन



# नागरिक प्रतिवेदन




# नागरिक प्रतिवेदन





**नोट : पालिकामा भन्दा धेरै वडामा नागरिक बडापत्र प्रयोग गर्ने पाइयो**

# बहिर्गमन अभिमत (Exit Poll)




# बहिर्गमन अभिमत (Exit Poll)

को संग सेवा लिने भन्ने स्पष्टता भएका नागरिकहरुको संख्या प्रतिशतमा




# बहिर्गमन अभिमत (Exit Poll)


सेवा प्रदायक कर्मचारीले कत्तिको अपेक्षा बुझ्छन ?



# बहिर्गमन अभिमत (Exit Poll)



# बहिर्गमन अभिमत (Exit Poll)



# कार्यालयका सकारात्मक कुराहरु के के छन ?

- प्राविधिकले योजना सञ्चालनको क्रममा हाल सम्म अतिरिक्त रकम मागेको छैन् ।
- पशु डाक्टर र कृषि प्राविधिक लाइ भनेको बेला भेटीएको छ ।
- योजना सम्झौता गर्दानै कन्टिजेन्सि र TDS रकमको बारेमा स्पष्ट जानकारी दिने गरिएको छ । जस्ले गर्दा योजना सकिउर भुक्तानी लिदा कति रकम काटिन्छ भन्ने पहिल्यै थाह हुन्छ ।
- कर्मचारीको ब्यावहार सौहार्दपूर्ण र जिम्मेवार छ ।

# कार्यालयका सकारात्मक कुराहरु के के छन ?

- जनप्रतिनिधी विशेषत वडाध्यक्षले योजना छनौटको क्रममा टोल सम्मै पुगेको अवस्था छ ।
- वडालाइ विकासको आधारमा समानुपातिक रुपमा बजेट छुट्याइएको छ ।

# सुधार गर्न आवश्यक कुराहरु

- कृषिका विउ विजन र उपकरण वितरण गर्दा सबैले थाहा पाउने गरी सुंचना सम्प्रेशण गर्नु पर्यो ।
- लेखापाल स्थिर नहुँदा दुख पाइयो ।
- जानकारी नदिइ कर्मचारी विदामा हिडिदिदा टाढाबाट आउने र जाने दुख मात्रै पाइयो । बरु गाउँपालिकाको फेसबुक पेजमा आज लेखापाल नहुनुभएकोले भुक्तानी सम्बन्धी काम हुदैन, अथवा आज योजना सम्झौता सम्बन्धी कार्य हुदैन भन्ने जस्ता सुचना दैनिक रुपमा राखिदिदा राम्रो ।
- राजिनितक दलको आधारमा करारका कर्मचारी नियुक्तिमा विभेद गर्नु भएन् ।

# सुधार गर्न आवश्यक कुराहरु

- विदाको दिन र कार्यालय समय भन्दा बाहेकको समयमा सरकारी सवारी साधनको प्रयोग लापरवाही रुपमा भैरहेको हुन्छ । त्यसलाइ रोक्नु पर्यो ।
- खाजा समय भनेर कर्मचारी हरु धेरैबेर हराइदिदा कार्यालयमा सेवाग्राहीले पर्खेको पर्खेकै गर्नु पर्यो, सकेसम्म कर्मचारीलाइ कार्यालयमै खाजा खाने ब्यवस्था नभए पालैपालो खाजा खान जाने अवस्था बनाउनु पर्यो ।
- सेवा प्रदायक संस्था (आँखा उपचार क्लिनिक) मा विहान बेलुका पनि आँखा चेकजाँच भए विद्धार्थीलाइ सजिलो हुने थियो ।

# सुधार गर्न आवश्यक कुराहरु

- शिफारिश दिदा रु १०० लिएको तर त्यसको रशिद नदिएको पाइएकोले शिफारिस दिदा अनिवार्य राजश्वको रशिद काट्नु पर्यो ।
- असार मसान्तमा धेरै भिडभाड हुने हुँदा अहिल्यै देखी काममा अलिक हतार गर्नु पर्यो ।
- सामान्य लेखपढ गरेको मान्छेले उपभाक्ता समितिमा बसेर काम गर्न नसक्ने अवस्था छ । किनकि कागजी प्रकृया एकदमै झण्झटिलो छ । यसलाइ हटाउनु पर्यो ।
- टोल विकास संस्था बनाइसकेपछी पनि उपभोक्ता समितिलाइ जत्तिकै कागजहरु माग्ने प्रचलन छ । त्यसको अन्त्य गर्नु पर्यो ।

# धन्यवाद



मिति २०७९ साल माघ १८ गते क्लाउवेल इन्टरमिडिया ग्रुप मिडिया को प्रा.लि. (रेडियो मिलारे) इलम मेगाहर्ज) को आयोजना तथा याङवरक गाउँपालिका पाँचथरको आर्थिक सहयोगमा सञ्चालन गरेको गाउँपालिका याङवरक गाउँपालिका, वडाहरू र विषयगत कार्यालय को सार्वजनिक सुनुवाई कार्यक्रम (योजना सं. ०७९/०८०) मा निम्नानुसारको उपस्थिति रह्यो।

उपस्थिति

१. अध्यक्षता गाउँपालिका अध्यक्ष मिन बं. याक्षा
२. प्रमुख अतिथि डी.सि.सि प्रमुख रामराज आङदेम्बे
३. विशिष्ट ,, प्रमुख जिल्ला अधिकारी गणेश गौरे
४. अतिथि डी.पि. उपाध्यक्ष वाणी सेनयाङवो
५. ,, याङवरक गा.पा. प्रमुख प्रशासकीय अधिकृत प्रकाश लिङ्देन
६. ,, अध्यक्ष नेपाल पत्रकार महासंघ पाँचथर शाखा मोहनराज वाग्ले
७. सहजकर्ता लक्ष्मी गौतम अध्यक्ष रेडियो मिलारे
८. नेपाली कांग्रेस याङवरक गा.पा. कार्यसमिति सह-सचिव - कल्पना कोइराला
९. सचिनकुमार भावो - ४ नं. वडाअध्यक्ष
१० प्रेम बहादुर योङहाङ ३ नं. वडाअध्यक्ष
११. हेमनाथ न्यौपाने ५ नं वडा अध्यक्ष
१२ राजेन्द्र फलोइ वडा नं: १ अध्यक्ष
१३ शान्ती राई वडा नं. १ कार्यपालिका सदस्य
१४ दुर्गा देवी सेवा वा.नं २ कार्यपालिका सदस्य
१५ ममता कार्की (लिवाङ्दी) वा.नं. ४ वडा सदस्य
१६ मञ्जु लम्जेल वा.नं ५ वडा सदस्य
१७ कल्पना लोहोरा कार्यपालिका सदस्य
१८. मेनुका बराइली वा.नं.४ वडा सदस्य
१९. हिरा देवी कंगाल [illegible]
२० ज्ञानदानन्द पोखरेल पूर्व वडा अध्यक्ष
२१ सूर्यप्रसाद गौतम शिक्षा शाखा
२२। नारदध्वज माबो
२४. धनकुमार योङहाङ कर्मचारी (शिक्षा शाखा)
२५ ई. शरद दाहाल → कर्मचारी
२६ y4b9 Rd nw

२६. श्यारा कट्वाल कर्मचारी Syara
२७. कमला मगर कर्मचारी Kamala
२८ रचना राई कर्मचारी
२९ प्राप्ति कार्की कर्मचारी
३० अर्जुन कु गुरागाईं होटल विकास [?]
३१ दिपक कोइराला सहकारी [?]
३२ श्याम कुमार सिवाकोटी
३३ तुलसी राम खड्का
३४ नारायणचन्द्र साइन्ज्यू[?] नारायण
३५ मच्छिन्द्र लवखेल[?]
३६ कुमार सुनुवार [?] सहकार्य[?]
३७ लक्ष्मीप्रसाद थपलिया[?]
३८ राजकुमार [?] (होटल वि. सं[?]) [?]
३९ खेम बहादुर पोखरेल (निर्माण होटल विकास संस्था) [?]
३६ राम मोहन पाण्डे (निवर्तमान पा. प्र. का. सं. शाखा अ.) [?]
३८ ओम नाथ भट्टराई (बुद्धिजीवी / समाजसेवी)
(३९) दिपेन्द्र बुढाथोकी (योजना शाखा)
(४०) केन्द्र खनाल (आई.टि. अफिसर)
४१. सुवर्ण लिम्बु (पशुपंक्षी शाखा)
४२ प्रवीन [?] कर्मचारी
४४, चित्रबहादुर पौड्याल रोजगार संयोजक Paudyal
४५. गोपी बहादुर नेपाली वडासचिव
४५ चन्द्र कुमार थापा लेखापाल
४६ डिल्लीरमण पाण्डे कर्मचारी
४७ सुरेश केप्चा[?] कर्मचारी
४८ सूर्य बहादुर रोल्पाली[?] (वडासचिव [?])
४९. हिम प्रसाद गौतम (प. के. प्र.)
५०. मदन कु. [?] (वि. [?] अधिकृत)
५१ सरिता चौधरी (आध्यात्मिक [?])
५२. टिका डि. सी. (उद्यम विकास सहजकर्ता)
५४. कमला पाण्डे (प्र. स.)
५५ रन बहादुर शुक्ल[?] (३ नं. वडाध्यक्ष)
५६. प्रेमनाथ सुवेदी
५६. शेर बहादुर भाटो[?]

५. धन राम ढुङ्गेल थाङ्पालकोट वडा नं ९ वडा सदस्य ज्यालामुक्ति

५९. सन्तोषी प्रतिक्षा का.अ. — [signature]

६० पवित्रा श्रेष्ठ

६१ पार्वती अधिकारी का स. [signature]

६२ दुर्गा सुवेदी को.स [signature]

६३ माया लिम्बु को.स. [signature]

६४ मनमाया ढुङ्गाना [signature]

६५ रमेश रसाईली का. स. [signature]

६६ हेमकुमार दुलाल जिल्लाध्यक्ष [signature]

६७ दल बहादुर दुङ्गाना प्रचारी नागी थर्प [signature]

६८ उमेश श्रेष्ठ — — — [signature]

६९ गणेश कार्की दमचा [signature]

७० ग्रासीकु . थाङ्पाल. थाङ्पालकोट ४ [signature]

७१ लक्ष्मी गुरुङ [signature]

७२ गौतम तण्डापो [signature]

७३ पर्वत सिं राई [signature]

७४ रविमान रसेवाड. [signature]

७५ किशोर बे. घिमिरे बेलतारथोली [signature]

७६ [illegible] कोईराला

७७. रवीन्द्र कुइकेल (पत्रकार/सञ्जालता) [signature]




याङवरक गाउँपालिकाको
आ.व. २०७९/०८० को अर्धवार्षिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम
स्थान:- सामुदायिक भवन, याङवरक - ४, थर्पु पाँचथर
आयोजक
Radio




वाई कार्यक्रम
मुदायिक भवन, याङवरक - ४, थर्पु पाँचथर
सहजिकरण


Tulsi


कार्यक्रम
सामुदायिक भवन, याङवरक - ४, थर्पु पाँचथर
सहजिकरण
Radio





सुनुवाई कार्यक्रम
स्थानः- सामुदायिक भवन, याङवरक - ४, थर्पु पाँचथर
सहजिकरण




कार्यक्रम
यिक भवन, याङवरक - ४, थर्पु पाँचथर
सहजिकरण




याङवरक गाउँपालिकाको
आ.व. २०७९/०८० को अर्धवार्षिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम
मिति :- २०७९/१०/१८ गते
स्थानः- सामुदायिक भवन, याङवरक - ४, थर्पु पाँचथर
आयोजक
याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थर्पु पाँचथर
सहजिकरण
Radio Mitleree
ग्लोबल कम्युनिकेशन एण्ड मिडिया कर्नर


याङवरक गाउँपालिकाको
आ.व. २०७९/०८० को अर्धवार्षिक अवधिको
सार्वजनिक सुनुवाई कार्यक्रम
मिति :- २०७९/१०/१८ गते
स्थान:- सामुदायिक भवन, याङवरक - ४, थर्पु पाँचथर
आयोजक
याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थर्पु पाँचथर
Radio Miteree
सहजिकरण
ग्लोवल कम्युनिकेशन एण्ड मिडिया कर्नर प्रा.लि.
रेडियो मितेरी ९८.२ मेगाहर्ज
फिदिम, पाँचथर

